# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ३१ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- केन्द्रीय मन्त्रिमण्डलले १५ औं वित्त आयोग चक्रको अवधि जारी प्रधानमन्त्री किसान सम्पदा योजनाको लागि एक हजार नौ सौ 20 करोड़ रुपियाको अतिरिक्त परिव्यय सहित 6 हजार पांच सौ 20 करोड़ रुपियाँको परिव्यय लाई मन्जुरी दिएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा केन्द्रीय मन्त्रिमण्डल ले कुल ११ हजार १ सय ६९ करोड रुपिया बराबरको चार नयाँ रेलवे मल्टि ट्र्याकिङ परियोजनाहरूलाई मन्जुरी दिएको छ।

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अधिनस्थ सरकारी बिद्यालयहरुमा चाँडै नै एक हजार एक सय १६ नयाँ शिक्षक पदमा भर्ना खुलिने भएको छ।

- कालेबुङ बार एसोसिएसनको नया समिति को गठन गरिएको छ।

- मिरिकको आहाले खेल मैदानमा पालन गरिने ७९औं स्वतन्त्रता दिवस कार्यक्रमको तयारीलाई लिएर मिरिकमा सभा सम्पन्न भएको छ।

**केन्द्रीय मन्त्रिमण्डल - प्रधानमन्त्री किसान सम्पदा योजना**

केन्द्रीय मन्त्रिमण्डलले १५ औं वित्त आयोग चक्रको अवधि जारी प्रधानमन्त्री किसान सम्पदा योजनाको लागि एक हजार नौ सौ 20 करोड़ रुपियाको अतिरिक्त परिव्यय सहित 6 हजार पांच सौ 20 करोड़ रुपियाँको परिव्यय लाई मन्जुरी दिएको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिँनुहुदै बजेटमा घोषणा गरिए अनुसार एकीकृत कोल्ड चेन र भ्यालु एडिसन इन्फ्रास्ट्रक्चर, आइ.सि.सि.भी.ए.आई अन्तर्गत ५० वटा बहु-उत्पादन खाद्य विकिरण एकाइहरू स्थापना गर्न १ हजार करोड रुपिया आवन्तन गरिएको बताउनु भएको छ। यसमा खाद्य सुरक्षा र गुणस्तर आश्वासन पूर्वाधार अन्तर्गत एन.ए.बी.एल.बाट मान्यता प्राप्त १०० खाद्य परीक्षण प्रयोगशालाहरू स्थापना गर्न खर्च समावेश छ। मन्त्रिमण्डलले १५ औं वित्त आयोग चक्रको अवधिमा प्रधानमन्त्री किसान सम्पदा योजना अन्तर्गत स्वीकृत परियोजनाहरूको लागि ९२० करोड रुपियाँ समावेश गरेको छ।

**निर्वाचन आयोग - उपराष्ट्रपति चुनाव**

निर्वाचन आयोगले उपराष्ट्रपति निर्वाचनका लागि निर्वाचक मण्डलको नामावली लाई अन्तिम रुप दिएको छ। उपराष्ट्रपति को चुनाव को लागि निर्वाचक मण्डल राज्य सभा को निर्वाचित र मनोनीत सदस्य र लोक सभा को निर्वाचित सदस्यहरू सामेल छ। निर्वाचक मण्डलका सदस्यहरूको नविनतम सूची तयार पार्ने जिम्मेवारी आयोगको हो। आधिकारिक अधिसूचना जारी भएपछि निर्वाचन आयोगको काउन्टरमा सुची उपलब्ध गराइने आयोगले जनाएको छ। संविधानको धारा ३२४ अनुसार भारतको उपराष्ट्रपतिको चुनाउ गर्ने जिम्मेवारी निर्वाचन आयोगको हो।

**केन्द्रीय मन्त्रिमण्डल-रेल्वे-मन्जुरी -संसद राजु बिस्ट**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा केन्द्रीय मन्त्रिमण्डल ले कुल ११ हजार १ सय ६९ करोड रुपिया बराबरको चार नयाँ रेलवे मल्टिट्र्याकिङ परियोजनाहरूलाई मन्जुरी दिएको छ l जसमा आलुबारी रोड - एनजेपी तेस्रो र चौथो लाइन पनि समावेश रहेको छ। जसले भारतीय रेलवे नेटवर्कमा लगभग ५ सय ७४ किलोमिटर थप्ने छ l यसले दार्जीलिङ पहाड, तराई र डुवर्स क्षेत्रका रेलवे प्रयोग गर्ने मानिसहरूको यात्रालाई सुबिधा प्रदान गर्नेछ lयी परियोजनाहरूलाई अनुमोदन गरेकोमा दार्जीलिङका लोकसभा सांसद राजु बिस्टले प्रधानमन्त्री नरेन्द्र मोदी अनि केन्द्रीय रेल मंत्री अश्विनी वैष्णवलाई धन्यवाद दिनु भएको छ l

**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन -शिक्षक पद भर्ती**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अधिनस्थ सरकारी बिद्यालयहरुमा चाँडै नै एक हजार एक सय १६ नयाँ शिक्षक पदमा भर्ना खुलिने भएको छ। यस आशय को जानकारी गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन का प्रमुख कार्यापाल अनित थापा ले दिनुभएको छ l उहाले यस सम्बन्धमा प्रशासनिक कार्य चलिरहेको बताउनुभएको छ l सृजना गरिएका यी नयाँ शिक्षक पदहरूबाट दार्जीलिंग र कालेबुंग जिल्लाका सरकारी विद्यालयहरूमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने प्रयास अब कार्यमा देखा पर्ने श्री थापा ले बताउनु भएको छ lपश्चिम बंगाल सरकारको विद्यालय शिक्षा विभागले दार्जीलिंग र कालेबुंग जिल्लाको गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अन्तर्गत नयाँ स्थापना भएका जुनियर उच्च विद्यालय, स्तरोन्नत उच्च विद्यालय र उच्च माध्यमिक विद्यालयका लागि 1 हजार 1सय 16 वटा नयाँ शिक्षक पद सिर्जना तथा स्वीकृतिका लागि प्रस्ताव पेश गरेको छ। विद्यालय शिक्षा विभागले जिल्लाका विद्यालय निरीक्षकहरूलाई पठाएको आधिकारिक ज्ञापन अनुसार जीटीए-का मुख्य सचिवद्वारा पेश गरिएको सिफारिसलाई विभागीय स्तरमा परीक्षण गरिएको छ। आवश्यकीय तथ्यांक र विवरण संकलन गर्न गृह तथा पहाडी मामिला विभागले स्पष्ट जानकारी मागिसकेको छ। सबै सम्बन्धित विद्यालयहरूबाट माग गरिएको विवरण एक्सेल फाइलमा शीघ्र पठाउन निर्देश दिइएको छ।

**विधानसभा -नेता प्रतिपक्ष - ममता बनर्जी -चुनाव प्रक्रिया - हस्तक्षेप - आरोप -**

पश्चिम बङ्गाल विधानसभामा विपक्षका नेता तथा भाजपाका वरिष्ठ विधायक सुभेन्दु अधिकारीले मुख्यमन्त्री ममता बनर्जीले निर्वाचन प्रक्रियामा हस्तक्षेप गरेको आरोप लगाउनु भएको छ l उहाले दिल्लीमा बुथ लेभल अफिसर को प्रशिक्षणलाई लिएर ममता बनर्जीले व्यक्त गरेको असन्तुष्टि र त्यसपछिका कदमले राज्य सरकारले निर्वाचन आयोगको भूमिकालाई कमजोर पार्न खोजेको स्पष्ट पारेको दाबी गर्नुभएको छ lसुभेन्दु अधिकारीले भन्नु भएको छ -ममता बनर्जीले दिल्लीमा बीएलओको प्रशिक्षणप्रति असन्तुष्टि मात्र व्यक्त नगरेको तर आफूलाई वा मुख्य सचिवलाई यसबारे जानकारी नदिइएको पनि बताएका थिए ।

**पश्चिम बंगाल - अखिल भारतीय बिधार्थी परिसद-आरोप**

पश्चिम बंगालको शिक्षण संस्थानहरुमा बढ्दो अराजकतालाई लिएर अखिल भारतीय बिधार्थी परिसदले राज्य सरकारको तिब्र आलोचना गरेको छ l आज कोलकातामा आयोजित एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुदै संगठनका राष्ट्रिय महासचिव डॉ. वीरेन्द्र सिंह सोलंकीले भनुभयो - पश्चिम बङ्गाल यतिबेला अत्यन्त गम्भीर मोडमा रहेको छ जहा शासनको स्वरूप, लोकतंत्र विरोधी हुदै गईरहेको छ l उहाँले अझ भन्नुभयो - राज्यका शैक्षिक संस्थानहरूको अवस्था चिन्ताजनक छ र विद्यार्थीहरू, विशेष गरी छात्राहरू असुरक्षित महसुस गरिरहन्छन्।उहाँले पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै राज्य सरकारले बंगलादेशबाट हुने घुसपैठ रोक्न नसकेको तथा महिलाहरुको सुरक्षा सुनिश्चित गर्न नसकेको आरोप लगाउनु भएको छ । डाक्टर सोलंकीले आगामी २ र ३ अगस्त को दिन सिलिगुडीमा हुने केन्द्रीय कार्यसमितिको बैठकमा यी सबै महत्वपूर्ण विषयलाई प्रमुखताका साथ उठाइने जानकारी दिनुभएको छ ।

**पश्चिम बंगाल - मतदाता सूची -एसआईआर**

पश्चिम बङ्गालमा मतदाता नामावलीको विशेष सघन पुनरावलोकन (एस.आई.आर) शुरु हुनुभन्दा अघि नै नक्कली मतदाता पंजीकरणका घटनाहरू सार्वजनिक भएपछि निर्वाचन आयोगको चिन्ता बढेको छ। मुख्य निर्वाचन अधिकारीको कार्यालय अनुसार, १ सय २७ जना नयाँ मतदाता पंजीकरण बिना बैध दस्तावेज दर्ता भएको पुष्टि भएको छ। यी मुद्दाहरू पूर्व मेदिनीपुर

जिल्लाको मोयना र दक्षिण २४ परगना जिल्लाको बरुईपुर पूर्व विधानसभा निर्वाचन क्षेत्रसँग सम्बन्धित छन्। राज्यको कुल २९४ विधानसभा सिटमध्ये दुई सिटमा मात्र यति धेरै नक्कली नाम फेला पर्नुले अधिकारीहरूको चिन्ता बढाएको छ। यसै सन्दर्भमा विपक्षी दलका नेता सुवेन्दु अधिकारीले भारतको निर्वाचन आयोगले यी घटनाहरुको तत्काल जाच गर्न र दस्तावेज प्रमाणीकरण बिना फारम–६ स्वीकार गर्ने निर्वाचन पञ्जीकरण अधिकारी लाई कठोर कारबाही गर्न माग गर्नुभएको छ ।

**आर. जी. कर मेडिकल कॉलेज -बंगाल सरकार - सुरक्षा दिशा-निर्देश**

गत वर्ष कोलकाता स्थित आरजी कर मेडिकल कलेजकी एक महिला डाक्टरको बलात्कारपछि हत्या भएपछि पश्चिम बङ्गाल सरकारले अब महिलाहरुको सुरक्षाका लागि कठोर कदम चाल्ने भएको छ । सूचना प्रौद्योगिकी क्षेत्र लगायत अन्य उद्योगमा रातीको सिफ्टमा काम गर्ने महिलाहरुको सुरक्षाका लागि राज्य सरकारले चाँडै नै निर्देशिका जारी गर्ने भएको छ ।राज्यको गृह विभागले यस सम्बन्धमा एक मस्यौदा तयार गरेको छ र सूचना प्रौद्योगिकी, स्वास्थ्य, परिवहन ,पुलिस , जस्ता विभागहरूसँग परामर्श गरेको छ जहाँ महिलाहरू रातको सिफ्टमा काम गर्छन्। सुत्र अनुसार यी निर्देशिकामा मोठ २२ बिन्दुहरु समावेश गरिएको छ । एक वरिष्ठ सरकारी अधिकारी अनुसार, महिलाहरुले नाइट सिफ्टमा काम गर्नु अनिवार्य हुने छैन । यदि कुनै महिलाले स्वेच्छाले नाइट सिफ्टमा काम गर्न चाहेमा संगठन ले उनको लिखित सहमति लिनु पर्नेछ ।

**मिरिक -शिक्षा नीति २०२० कार्यक्रम**

भारतीय शिक्षा मण्डलले मिरिकको एक निजि स्कूलमा आज "शिक्षक सम्मान तथा राष्ट्रिय शिक्षा नीति २०२० को कार्यान्वयन" सम्बन्धी विशेष कार्यक्रम सम्पन्न भयो । यस कार्यक्रम विद्यार्थीहरूको भविष्य निर्माणमा शिक्षकहरूको महत्त्वलाई लिएर प्रकाश पारिएको थियो। कार्यक्रमको क्रममा, मिरिक भरिका योग्य शिक्षकहरू र शैक्षिक संस्थाका अग्रजहरूलाई उनीहरूको समर्पण र कठोर परिश्रमको लागि प्रशंसा गरिएको थियो।

**मिरिक – पंचायत समिति -सभा**

मिरिक महकुमा अन्तर्गत सौरेनी बस्तीका २८० जना कृषकहरूलाई प्रदान गरिएको भू-स्वामित्व कागजपत्र मा ‘‘पेट्रोल पम्प’’ को उल्लेख भई त्रुटिपूर्ण विवरण भएको पाइएको छ।यस विषयमा मिरिक पंचायत समितिको बन तथा भुमी संस्कार स्थायी समितिको बैठक सम्पन्न भयो , जसले उक्त त्रुटिलाई यथाशीघ्र सच्याउनुपर्ने सुझाव दिएको छ। सोही अनुसार सम्बन्धित भुमी सुधार अधिकारीलाई आवश्यक निर्देश दिइएको जानकारी प्राप्त भएको छ ।

**कालेबुंग -बार एसोसिएसन-नया समिति**

कालेबुङ बार एसोसिएसनको महत्वपूर्ण सभा सम्पन्न भयो । सभापछि एसोसिएसनको नयाँ कमिटी गठन गरिएको छ जसमा प्रेम प्रधान अध्यक्ष , निलय राई मुल सचिव लगायत दस जनाको कार्यकारिणी समिति गठन गरिएको जानकारी प्राप्त भएको छ।

**मिरिक -स्वतन्त्रता दिवस -सभा -चर्चा**

मिरिकको आहाले खेल मैदानमा पालन गरिने ७९औं स्वतन्त्रता दिवस कार्यक्रमको तयारीलाई लिएर आज मिरिकमा एक सभा सम्पन्न भयो। बैठकमा स्वतन्त्रता दिवस समारोह समितिका अध्यक्ष एल. बी. राई, सभासद मिलेश राई, लगायत विभागीय अधिकारीहरु उपस्थित हुनुहुन्थ्यो । बैठकमा विभिन्न विभागहरूसँगको समन्वय, कार्यक्रमको रूपरेखा, सुरक्षा व्यवस्था, सांस्कृतिक प्रस्तुतिहरू तथा अन्य प्रबन्धन सम्बन्धी चर्चा गरिएको रिपोर्ट प्राप्त भएको छ ।

**मौसम**

मौसम विभाग ले भोलि देखि उत्तर बङ्गालमा भारी वर्षाको सम्भवना व्यक्त गरेको छ। दार्जिलिङ, कालेबुंग , जलपाईगुडी, उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर र माल्दा जिल्लाहरू सबैभन्दा अधिक प्रभावित हुने सम्भावना छ। विशेषगरी दार्जिलिङ, उत्तर दिनाजपुर र माल्दा जिल्लामा शनिबार भारी वर्षाको सम्भावना रहेको छ ।

***********